आज मिति २०७५ साल चैत्र २० गते बेलुका ~~५~~ २० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

नेपालको संबिधान,स्थानिय सरकार सञ्चालन ऐन लगायत अन्य कानुनले स्थानिय तहलाई दिएको अधिकार प्रयोगको लागी तथा स्थानिय स्तरमा सेवा प्रबाह प्रभावकारी बनाउनको लागी तपशील बमोजीमको नयां बिधेयकहरु बिधेयक समितिबाट समेत सिफारिस भएबमोजीम स्वीकृतिका लागि गांउसभामा पेश गर्ने निर्णय गरियो ।

१.सामाजीक व्यबहार सुधार बिधेयक-२०७५

२.स्वास्थ्य सेवा तथा सरसफाई बिधेयक-२०७५

निर्णय नं.२

चालु आ.ब.२०७५/०७६ को हाल सम्मको राजस्व संकलन,प्रशासनिक सेवा प्रबाह,योजना तथा कार्यक्रम कार्यान्वयन लगायत बिषयमा भएको समग्र प्रगति प्रतिबेदन स्वीकृत गरियो ।साथै उक्त प्रतिबेदन जानकारीको लागी गांउसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३

चालु आ.ब.को बिनियोजन बिधेयकमा तपशील बमोजीम संसोधन गर्नेगरि गांउसभामा प्रस्ताब पेश गर्ने निर्णय गरियोः

तपशीलः

**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीमा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५२,०५,०३,०००।- (अक्षेरुपी बाउन्न करोड पाँच लाख तिन हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ ।

नोटः साविकमा ५१५०३००००।– बिनियोजन भएकोमा हाल आन्तरीक स्रोत बढेको र दायित्व समेत बढेकोले संसोधन गरिएको ।(कार्यपालिकाबाट स्वीकृत सम्सोधन बजेट संलग्न गरिएको)

निर्णय नं ४.

चालु आ.ब.को आर्थिक ऐन २०७५मा तपशील बमोजीम संसोधन गर्ने गरि गांउसभामा प्रस्ताब पेश गर्ने निर्णय गरियोः

तपशिलः

**मिति २०७५-१२-२२ मा चौथो गांउसभाबाट संसोधनका लागी प्रस्ताबित आर्थिक ऐन २०७५ का बुंदाहरुः**

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

| सि.नं. | संसोधन वा थप गर्नुपर्ने दफा | संसोधन वा थप गर्नुपर्ने बिषय | संसोधन वा थप गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | ऐनको दफा २ संग सम्बन्धित अनुसुची २ को वडा नं ९ अन्तर्गत जग्गाको मालपोत दररेट बुंदा नंम्बर १७ पछी थप थप गर्ने | **माथिको दररेटमा बक्यौता बांकीको एक बर्ष सम्म २० प्र.स.र त्यसपछि क्रमशः प्रतिबर्ष ५ प्र.स.(८० प्रतिसत भन्दा नबढ्ने गरी) थप लाग्ने छ।** | मालपोत वा भुमिकर सम्बन्धिव्यबस्थामा जरिवाना लिने व्यबस्था छुट हुन पुगेकोले |
| २ | ऐनको दफा ४ संग सम्बन्धित अनुसुची ४ को खण्ड २९ बुंदा नंम्बर २९.८ पछी थप थप गर्ने | अन्य ईन्जिनियरीङ्ग वा औधोगीक प्रयोजनकोलागी ठुला प्रकृतिका मेशीनरी/औजार उत्पादन गर्ने ठुला उधोगहरु दर्ताको लागी ५०००० र नबिकरणको लागी १०००० | ठुला पुंजीका उधोगहरुलाइ समेत समेट्नुपरेकोले |
| ३ | ऐनको दफा १० संग सम्बन्धित अनुसुची १० मा संसोधन गर्ने | मनहरी गाउंपालिकाको अर्थिक ऐन २०७५ को दफा १० संग सम्बन्धित अनुसुची १० को २७ नंम्बर बुंदा मा मासिक सब्द थप गरि सोही बुंदा भित्र भएको क र घ मा यसअघि उल्लेखित दरलाई २००,ग मा उल्लेखित दरलाई ३०० मात्र कायम हुने गरि संसोधन गर्ने र | सरसफाई कार्यमा लगाइने सेवा शुल्कको दर सेवाको तुलनामा बढी भएको जनगुनासो भएकोले |
| ४ | ऐनको दफा ११ संग सम्बन्धित अनुसुची ११ मा थप गर्ने | मनहरी गाउंपालिकाको अर्थिक ऐन २०७५ को दफा ११ संग सम्बन्धित अनुसुची ११ मा रहेको १९ नंम्बर बुंदा भित्र सामुदायिक बनबाट काठ निकासिमा बाताबरण शुल्क भन्ने महलमा प्रतिक्युफिट भन्ने शब्द छुट भएकोमा थप गर्ने | यस अघि प्रकाशन भएको राजपत्रमा त्रुटी हुन पुगेकोले । |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं.५

गांउसभाबाट बिनियोजित तपशील बमोजीमका वडाका योजनाहरुलाई बिभिन्न खण्डमा बिभाजन तथा परिबर्तन गरी उपभोक्ता संग सम्झौता गरी कार्यान्वयन निर्णय गरियो ।

तपशीलः

| सि.नं | योजनाको साबिक नाम | खर्च शीर्षक | साबिक बिनियोजीत रकम | हाल कायम गर्नुपर्ने योजनाको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | सालघारी दिपावलीटोल देखि मुलखोला दोभान सडक वडा नं ४ | केन्द्र बि.स.अ. | ५० लाख | १.सालघारी दिपावली बरुवा टांडी सडक<br>२.हात्ती व्याउने खुरसानीबारी चकरी ताल | २० लाख<br>३० लाख |
| २ | बाढी पिडित बस्ती स्थानान्तरण वडा नं ४ | राजस्व बांडफांड | ५ लाख | बाढी पिडित बस्तीमा चटयाङ्ग रोकथाम | ५ लाख |
| ३ | चेपाङ्ग संग्रहालय तथा तथा बनकरीया होमस्टे | राजस्व बांडफांड | ५ लाख | बनकरीया होमस्टे | ५ लाख |
| ४ | प्लाष्टीक झोला बिस्थापन फाईबर झोला बनाउने तालिम | आन्तरीक | ५ लाख | कपडा तथा कागजको खादा बनाउने तालिम तथा सामग्री सहयोग | ५लाख |
| ५ | मकरी लिफ्ट सिंचाई | बि.स.अ. | ५० लाख | मकरी लिफ्ट सिंचाई तथा खानेपानी | ५० लाख |

निर्णय नं ६

मकवानपुर उधोग बाणिज्य संघ पश्चिमि क्षेत्र समिति संग यसअघि भएको सम्झौता बमोजीम मनहरि बजार सरसफाइ कार्यमा भएको खर्च मध्य श्रावण देखि फाल्गुण दुई चौमासिकको कार्य सम्मन्न मुल्यांकनको आधारमा भुक्तानी दिन पर्ने रकम रु.२१८०५०। उधोग बाणिज्य संघको माग निबेदन र वडा समितिले सिफारिस गरेको आधारमा फोहरमैला व्यबस्थापन शीर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं ७

क्रियसन मिडिया एण्ड इभेन्ट म्यानेजमेंन्ट प्रा.लि.हेटौंडा २ र थाहा नगरपालिकाको आयोजनामा यही मिति २०७५-१२-३० गते मकवानपुरको दामनमा आयोजित पहिलो मकवानपुर पर्यटकीय जर्नालिजम अवार्ड २०७५ कार्यक्रम सफल पार्न यस कार्यालयबाट अध्यक्ष ज्यूको नेतृत्वमा सहभागीता जनाउने र सो कार्यक्रममा संस्थाको माग बमोजीम पर्यटकीय

एकराज उप्रेती
अध्यक्ष

क्षत्रको अनुभव आदान प्रदान अवलोकन भ्रमण शीर्षकमा खर्च भइ बांकी रहेको बजेट बाट नियमानुसार रु.१ लाख भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यही मिति २०७५-१२-१७ गते आएको भिषण हावाहुरी बाट पिडित बारा जिल्ला फेटा गा.बि.स.का बिस्थापित घर परिवारलाई राहत स्वरुप गांउपालिका अन्तर्गतबाट पारिश्रमिक पाउने जनप्रतिनिधी तथा कर्मचारीहरुको दुई दिनको पारिश्रमिक कट्टा गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ९

वडा स्तरमा भएको बिभिन्न खेलकुद कार्यक्रम र खेलकुद सामग्री बितरण भइ प्राप्त भएका बिलहरु नियमानुसार खेलकुद मैदान तथा मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १०

तपशीलका चालु कार्यक्रम क्रियालाप यस अघि बैठकबाट परामर्श सेवा खरीद प्रकृयाबाट संचालन गर्ने निर्णय भएमुताबिक कार्यसुची(TOR) तयार भइ स्वीकृत भइसकेकोमा स्वीकृत कार्यसुची बमोजीमको तालिम तथा अनुशिक्षण संचालन गर्न यस गांउपालिकामा सुचिकृत मध्य गैर नाफामुलक गैर सरकारी संस्थाहरु तथा सहकारी संस्थासंग साझेदारीमा कार्यक्रम कार्यान्वियन गर्ने निर्णय गरियो ।साथै सो कार्यकोलागी प्रस्ताव पेश गर्न ईच्छुक गै.स.स.का लागी १५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | मज्दुरलाईनेतृत्व बिकाश कार्यक्रम | १००००० | |
| २ | मजदुर सुरक्षा चेतना कार्यक्रम | १००००० | |
| ३ | महिला शसक्तिकरण कार्यक्रम | ३४०००० | |
| ४ | घरेलु हिंसा तथा लैंगिक हिंसा बिरुद्ध कार्यक्रम | ३२०००० | |
| ५ | जेण्डर(महिला/पुरुष) समबिकाश कार्यक्रम | ५००००० | |
| ६ | बालबिबाह/बालश्रम/दासत्व बिरुद्धको तालिम तथा सचेतना | ४००००० | |
| ७ | कपडा तथा कागजको खादा बनाउने तालिम | ५००००० | |
| ८ | सहकारी अभिमुखिकरण तालिम(दुग्धको परिकार बनाउने) | २००००० | |

निर्णय नं ११

तपशीलका रोगबाट पिडितहरुलाई निजहरुको माग निबेदन र मेडीकल बोर्डको सिफारिस बमोजीम आर्थिक अनुदान सहयोग गर्ने निर्णय गरियोः

| सि.नं | नामथर | ठेगाना | समस्या | सहयोग रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १ | शान्तीमाया मुक्तान | मनहरी-५ | पाठेघर क्यान्सर | २५००० | आर्थिक अनुदान तथा सहयोग |
| २ | कुलबहादुर लामा | मनहरी-८ | फोक्सोको क्यान्सर | २५००० | आर्थिक अनुदान तथा सहयोग |
| ३ | रतीमाया प्रजा | मनहरी-८ | पेटको अप्रेशन | १५००० | आर्थिक अनुदान तथा सहयोग |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष